# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ्वगर, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) ५ नं. प्रदेश, नेपाल २०७३

प.सं. (सूचना)/२०७६/०७७
च.नं. १५६८

मितिः २०७७/०२/२९

**भूमे पर्वमा कोभिड १९ सम्बन्धी सजगता अपनाउने सम्बन्धमा ।**

हाल विश्वभर महामारीको रुपमा फैलिरहेको COVID-19 को रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले जारी गरेको लकडाउन तथा सूचना र यस गाउँपालिकाको निर्णय तथा सूचना बमोजिम ठूला जमघट, तालिम, सेमिनार, गोष्ठी, कार्यक्रम, आवतजावत लगायतका सबै कार्य बन्द गरिएको व्यहोरा समेत सबैलाई जग्जाहेर नै छ । कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि यस गाउँपालिकाबाट मिति २०७६।१२।१० मा जारी गरिएको सूचना र नेपाल सरकार तथा प्रदेश नं. ५ सरकारबाट भएको पछिल्लो निर्णय बमोजिम आम गाउँपालिकाबासीले सजगता अपनाउनु नै सबैभन्दा बुद्धिमानी हुने भएकाले आसन्न भूमे पर्व लगायतका पर्व तथा पूजा कार्यक्रममा ठूलो जमघट नगरी मनाउन अनुरोध गरिन्छ ।
**हामी रहे मात्र हाम्रो संस्कृति रहन्छ; हाम्रो पहिचान रहन्छ । अहिलेको सानो असावधानीले ठूलो धनजनको समेत क्षति हुन सक्ने** कुरालाई मध्यनजर गर्दै भूमे पर्व पूजामा परापूर्व कालदेखि चलिआएको विधि र संस्कृति बचाउन तपसिल बमोजिम गर्न गराउन सम्बन्धित सबैमा विशेष अनुरोध छ ।

**तपसिल**

१. भूमे पूजाका दिन रीत पुऱ्याउनका लागि मात्र सामाजिक दूरी कायम गरेर ५ देखि १० जना स्थानीय बासिन्दा पुजारी उपस्थित भई संस्कार तथा विधि अनुसार पूजा गर्ने ।
२. भूमे पर्वमा बल तान्दा नतानी नहुने अवस्थामा ५ देखि १० जना स्थानीय बासिन्दा मात्र उपस्थित भएर परम्परागत रीतिलाई निरन्तरताका लागि मात्र बल तान्ने व्यवस्था मिलाउने ।
३. भूमे पूजाका लागि घरघरमा बनाइने परिकार तथा खानपानलाई घरपरिवारमै सीमित गरी इष्टआफन्त बोलाउने, आउजाउ गर्ने, मदिरा सेवन कार्य नगर्ने ।
४. भूमे पर्वको अवसरमा जमघट गरेर बिहान, दिउँसो, साँझको समयमा नाचगान नगर्ने नगराउने ।
५. गाउँपालिकाको सूचनालाई अटेर गरेमा सम्बन्धित वडा कार्यालय र गाउँ/टोल विकास संस्थाले दण्ड जरिवाना समेत गर्ने ।

.......................................
चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

C:\Users\chandra\Google Drive\प्रशासन\पत्र.docx